आज मिति २०८२/०६/१० गते शुक्रवारका दिन विहान ८:०० बजे चक्रघट्टा गाउँपालिकाको सभाहलमा गाउँपालिका अध्यक्ष श्री कृष्ण कुमार यादव ज्यूको अध्यक्षतामा बैठक बसी तपसिल अनुसारको पदाधिकारीहरुको उपस्थितिमा बुँदागत छलफल गरी निम्नानुसार निर्णय गरियो ।

**तपसिल :**

| | |
|---|---|
| श्री कृष्ण कुमार यादव | अध्यक्ष |
| श्री मिना देवी राय | उपाध्यक्ष |
| श्री राम सुरेश राय (वडाध्यक्ष वडा नं. १) | सदस्य |
| श्री विनोद कुमार राय (वडाध्यक्ष वडा नं. २) | सदस्य |
| श्री दिनेश कुमार साह (वडाध्यक्ष वडा नं. ३) | सदस्य |
| श्री फैयाज अहमद (वडाध्यक्ष वडा नं. ४) | सदस्य |
| श्री नागेन्द्र प्रसाद साह (वडाध्यक्ष वडा नं. ५) | सदस्य |
| श्री राजेश कुमार यादव (वडाध्यक्ष वडा नं. ६) | सदस्य |
| श्री नविन कुमार राय (वडाध्यक्ष वडा नं. ७) | सदस्य |
| श्री रामकैलाश राउत (वडाध्यक्ष वडा नं. ८) | सदस्य |
| श्री विजय कुमार यादव (वडाध्यक्ष वडा नं. ९) | सदस्य |
| श्री ईन्द्रकला देवी | सदस्य |
| श्री रिता कुमारी | सदस्य |
| श्री शोसिला कुमारी यादव | सदस्य |
| श्री श्याम कुमारी राम | सदस्य |
| श्री फेकु साह कानु | सदस्य |
| श्री राकेश ठाकुर (लोहार) | सदस्य |
| श्री रामबाबु प्रसाद कुशवाहा (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य सचिव |

**आमन्त्रित :**

श्री दुर्गानिन्द कुमार यादव (योजना शाखा)

श्री राजीव महतो (लेखा प्रमुख)

प्रस्तावहरु :

१. स्वास्थ्य तर्फका फाजिल कर्मचारी सम्बन्धमा ।

२. सम्झौता रद्द गर्ने सम्बन्धमा ।

३. प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

निर्णय :

प्रस्ताव नं. १ माथि छलफल गर्दा चक्रघट्टा गाउँपालिका अन्तर्गत स्वास्थ्य सेवा तर्फका स्थायी दरबन्दीमा पदस्थापन भएका कर्मचारीहरु बाहेक फाजिलमा रहेका कर्मचारीहरु समेतलाई तलव भत्ता तथा अन्य सुविधा भुक्तानी गर्ने र साथै फाजिलमा रहेका कर्मचारीहरुको लागि अपुग हुने तलव भत्ता तथा अन्य रकम सम्बन्धित निकायसँग मांग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा चक्रघट्टा गाउँपालिका तथा गाउँपालिका अन्तर्गत स्वीकृत दरबन्दीमा करार सेवा, सेवा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरु बाहेक रहेका कर्मचारीहरुको सम्झौता रद्द गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा चक्रघट्टा गाउँपालिकामा हाल प्राविधिक कर्मचारीको अभाव भई योजना संचालन गर्न असुविधा भई रहेकोले तत्काल योजना संचालनमा सुविधाको लागि गाउँपालिका वरिपरि रहेका पालिकाबाट प्राविधिक कर्मचारीलाई थप कामकाजमा मांग गर्ने र पूर्ण रुपले समस्या समाधान गर्न सरुवा भई आउने स्थायी प्राविधिक कर्मचारीको सरुवा भई आउनको लागि सार्वजनिक सूचना आह्वान गर्ने निर्णय गरियो ।

CamScanner